**Mountain Energy Nepal Ltd.**
G P O Box: 21729, Sunrise Bizz Park 3rd Floor, Dillibazar, Kathmandu
Tel: 977-1-4537705, 4541648, Fax: 977-1-4530562,
Email: info@mountainenergy.com.np, www.mountainenergy.com.np

मिति: २०७८/१०/२१

श्रीमान प्रमुख ज्यू
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं, नेपाल।

**विषय :- वार्षिक साधारण सभा निर्णयको जानाकारी बारे ।**

महोदय,

उपरोक्त विषयमा यस माउण्टेन इनर्जी नेपाल लिमिटेडको मिति २०७८।०९।२५ गते दिनको १०.०० बजे सम्पन्न आठौं वार्षिक साधारण सभाको निर्णय यसै निवेदन साथ पेश गरेको छु।

**संलग्न कागजात**
१. आठौ वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपी
**२. आ.व. ०७७/०७८ को ले.प. प्रतिवेदन**

भवदिय
सम बहादुर भट्ट
कम्पनी सचिव

## माउण्टेन इनर्जी नेपाल लि. को
## आठौं वार्षिक साधारण सभाको
## <u>माइन्युट</u>

यस माउण्टेन इनर्जी नेपाल लि.को संचालक अध्यक्ष श्री सुहृद राज घिमिरेज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको आठौं वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गर्‍यो ।

### १. सभा भएको स्थान मिति र समय :-

स्थान :- स्थान :- Amrapali Banquet Catering & Events, काठमाण्डौ भाटभटेनी, काठमाण्डौ
मिति :- २०७८ साल पौष २५ गते आइतबार (तदनुसार ०९ जनवरी २०२२)
समय :- विहान १०.०० बजे

### २. सभाको सूचना :-

मिति २०७८।०८।०७ गते बसेको यस कम्पनीको संचालक समितिको निर्णय अनुसार सभा हुने स्थान, मिति, समय र वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०७८।८।२९ को कारोवार दैनिक र २०७८।९।१६ गतेको अभियान दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्वन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

### ३. गणपूरक संख्या :-

संस्थापक शेयरधनी स्वयं उपस्थित :- .२२.६३ प्रतिशत
संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :-३५.०० प्रतिशत
सर्वसाधारण शेयरधनीको तर्फबाट स्वयं उपस्थित ०.११ प्रतिशत
सर्वसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :- ०.०९ प्रतिशत
कूल शेयर संख्याको उपस्थिति प्रतिशत :-५७.८३ प्रतिशत

माथि उल्लेख भए अनुसारको कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावली को नियम २३ अनुसार गणपूरक संख्याको लागि पर्याप्त छ ।

### ४ छलफलका विषयहरु :-

**सामान्य प्रस्ताव**

१. आठौं वार्षिक साधारण सभाको लागि संचालक समितिको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. लेखा परिक्षकको प्रतिवेदन, सहित २०७८ आषाढ मसान्त सम्मको वासलात, २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसंग सम्वद्ध अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०७८/०७९ को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा । (वर्तमान लेखा परिक्षक पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ)
४. विविध

### ५. उपस्थिती

**क) संचालकहरुको उपस्थिती :-**

| | |
|---|---|
| श्री सुहृद राज घिमिरे | अध्यक्ष |
| श्री सुव्रत धिताल | संचालक |
| श्री डोलराज शर्मा | संचालक |

Mountain Energy Nepal Ltd. Kathmandu, Nepal

| | |
|---|---|
| श्री श्याम सुन्दर खेतान | संचालक |
| श्री मनोहर दास मुल | संचालक |
| श्री रचना अधिकारी | संचालक |
| डा. हरि शंकर श्रेष्ठ | स्वतन्त्र संचालक |

**ख) अन्य पदाधिकारी तथा आमन्त्रित व्यक्तिहरुको उपस्थिती**

पदाधिकारी:

| | |
|---|---|
| श्री सम बहादुर भट्ट | अधिवक्ता - (कम्पनी सचिव) |

आमन्त्रित:

| | |
|---|---|
| श्री सुदर्शन राज पाण्डे | फाइनान्सियल कन्सल्टेन्ट (एस्.आर.पाण्डे एण्ड कं.) |
| श्री रमेश प्रसाद धिताल | अधिवक्ता |

६. **सभाको वैधानिकता :-**

आजको यस सभा कम्पनी ऐन २०६३ तथा नियमावली अनुसार अग्रीम सूचना जारी गरी सभा बोलाइएको र यस सभामा आवश्यकता अनुसार शेयर धनि स्वयम तथा प्रतिनिधी मार्फत उपस्थित भई कूल शेयर संख्याको ५७.८३ प्रतिशत शेयरको प्रतिनिधित्व भई कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा नियमावलीको नियम २३ अनुसार आवश्यक गणपुरक संख्याको उपस्थिती रहेकोले यस सभालाई वैधानिक घोषित गरी यस कम्पनीका संचालक अध्यक्ष श्री सहृद राज घिमिरेज्यूको सभापतित्वमा आठौं वार्षिक साधारण सभा सञ्चालन गरियो । आज यस सभामा निम्न प्रस्ताव माथी छलफल गरी निम्न बमोजिम निर्णय भयो ।

**छलफल तथा निर्णयहरु**

**सामान्य प्रस्ताव**

निर्णय: नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कम्पनीको आठौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन अध्यक्षज्यूको अनुमतिले अधिवक्ता रमेश प्रसाद धिताल ज्यूले गर्नु भयो र कार्यक्रमको क्रममा आशन ग्रहण भयो । उक्त आशन ग्रहण पश्चात यस बार्षिक साधारण सभा समक्ष कम्पनीको संचालक अध्यक्ष श्री सुहृद राज घिमिरेज्यूले Virtual माध्यम ZOOM APP मार्फत एक साथ स्वागत मन्तव्य सहित कम्पनीको संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०७७/०७८ को वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भयो र कम्पनीको प्रोजेक्ट ४२ मे.वा. को मिस्त्री खोला हाइड्रोपावर र ५ मेगावाट तादीखोला जलविद्युत आयोजनाको समग्र अवस्थाको बारेमा विस्तृत रुपमा साधारण सभा समक्ष प्रस्तुत गर्नु भए पश्चात शेयरधनी श्री डम्वरु बल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री उद्धव प्रसाद घिमिरे र श्री इन्द्र कृष्ण श्रेष्ठज्यूहरुले कम्पनीले मुनाफा कहिले देखि दिन्छ, थोरै लगानीमा हाइड्रोपार निर्माण गरेकोमा कम्पनीका संचालक समितिलाई धन्यवाद, साधारण सभामा कम्पनीको प्रोजेक्टको वारेमा श्रव्य दृष्य देखाउँदा राम्रो हुन्थ्यो, नयाँ प्रोजेक्टको वारे कम्पनीको सोच के छ ? हामीलाई पनि वित्तिय विवरणहरु समयमा नै उपलब्ध गराउनु हुन अनुरोध गरी संचालक समितिलाई कम्पनी ऐन २०६३ बमोजिम समयमा नै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिदैं अध्यक्षज्यूको प्रतिवेदन माथि छलफल गरी उक्त संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्ष ज्यूको प्रतिवेदन पारित गर्ने निर्णय भयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ का सम्वन्धमा छलफल हुँदा यस कम्पनीको तर्फबाट साधारण सभा समक्ष पेश हुन आएको लेखा परिक्षणको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त सम्मको वासलात, आय व्यय हिसाब, नगद प्रवाह विवरण, लेखा संग सम्वन्धित टिप्पणी एवं अनुसूचिहरु लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी उक्त लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, आय व्याय विवरण लगाएतको वित्तिय विवरणहरुलाई पारित गर्ने निर्णय भयो । साथै उक्त कार्यको लागि लेखा परिक्षकज्यूलाई धन्यवाद दिने निर्णय भयो ।

Mountain Energy Nepal
Kathmandu, Nepal

निर्णय नं. ३

प्रस्ताब नं. ३ का सम्वन्धमा छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखा परिक्षण गर्न लेखा परक्षिक वि. आर पाण्डे एण्ड एशोसियटस, चार्टर्ड एकाउण्टेण्टस्लाई लेखा परिक्षक नियूक्त गर्नुको साथै निजको पारिश्रमिक मु.अ.कर बाहेक रु. २,१०,०००।०० (दुई लाख दश हजार) दिने निर्णय भयो ।

निर्णय नं. ४

संचालक समितिको मिति २०७८।९।१५ गतेको अठासिऔं संचालक समिति को निर्णय बमोजिम नियूक्त हुनु भएको स्वतन्त्र संचालक जलबिद्यूत उर्जा बिज्ञ डा. हरि शंकर श्रेष्ठको नियूक्ती अनुमोदन गर्ने निर्णय भयो ।

विविधमा यस बाहेक अन्य थप विषय बस्तु नहुँदा अध्यक्षज्यूले आजको वार्षिक साधारण सभामा उपस्थित हुनु हुने र Virtual माध्यम ZOOM APP मार्फत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यबाद दिँदै आजको साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Mountain Energy Nepal Ltd.
Kathmandu, Nepal